अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

लालभ्काडी गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः.१ संख्याः.६ मितिः २०७४/१२/१२

गाउँकार्यपालिका वांट स्वीकृत मितिः२०७४/१२/०८

भाग-२


## आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन कार्यविधि २०७४

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (ज) १४ मा भएको व्यवस्था अनुरुप गाउँपालिकाले शिक्षा सम्बन्धी गर्नुपर्ने उल्लेखित २३ कार्यहरु मध्ये १४ नम्बरमा रहेको आधारभूत तहको परीक्षा संचालन,अनुगमन तथा व्यवस्थापन गाउँपालिकाको अधिकार क्षेत्र भित्र भए बमोजिम उक्त परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन गर्न लालभ्काडी गाउँपालिका गाउंकार्यपालिकाले यो आधारभूत तह उत्तीर्ण परीक्षा संचालन कार्यविधि २०७४ बनाई जारी गरेको छ।

### परिच्छेद १.
### प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ :

१.१.१ यो कार्यविधिको नाम लालभ्काडी गाउँपालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा संचालन कार्यबिधि २०७४ रहेको छ।

१.१.२ यो कार्यविधि लालभ्काडी गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

१.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१.२.१ "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्भन्नु पर्दछ।

१.२.२ "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संसोधन समेत) सम्भन्नु पर्दछ।

१.२.३ "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ (संसोधन सहित) सम्भन्नु पर्दछ।

१.२.४ "आधारभूत शिक्षा" भन्नाले ऐनमा उल्लेख भए बमोजिमको शिक्षा सम्भन्नु पर्दछ।

१.२.५ "विद्यालय" भन्नाले कक्षा १ देखि १२ सम्मको सामुदायिक र संस्थागत दुबै शैक्षिक संरचनालाई बुभ्नुपर्दछ।

१.२.६ "गाउँपालिका " भन्नाले लालभ्काडी गाउँपालिका बुभ्नु पर्दछ।

१.२.७ "परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमामा लिइने परीक्षालाई बुभ्नु पर्दछ।

१.२.८ "परीक्षा समिति" भन्नाले आधारभूत तहको अन्तिम परीक्षा संचालन गर्ने परीक्षा समितिलाई बुभ्नु पर्दछ।

१.२.९ शिक्षक भन्नाले विद्यालयका शिक्षक र प्रधानाध्यापकलाई संभ्कनु पर्नेछ।

१.३ उद्धेश्य

यो कार्यविधि निर्माण गर्नुका उद्धेश्यहरु देहाय वमाजिम रहेका छन :

१.३.१ आधारभूत तहको अन्त्यमा लिइने गाउँ स्तरीय परीक्षाको संचालन, व्यवस्थापन, अनुगमन तथा प्रमाणीकरण गर्ने।

### परिच्छेद २ :
### परीक्षा संचालन प्रक्रिया

२.१ लालभ्काडी गाउँपालिका अर्न्तगतका विद्यालयहरुमा आधारभूत तह उत्तर्णि परिक्षा संचालन र व्यवस्थापन गर्न देहाय वमोजिमको एक परीक्षा संचालन तथा व्यवस्थापन समिति रहनेछ।

क) प्रमुख प्रशासकिय अधिकृत अध्यक्ष

मदन सेन वडायक

ख) सम्बन्धित स्थानिय तहमा रहेको माध्यमिक तह र आधारभूत तहको शिक्षकहरु मध्येबाट कम्तिमा एक जना महिला सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका बढीमा ३ जना सदस्य

ग) सम्बन्धित गाउंपालिकामा कार्यरत श्रोतव्यक्ति सदस्य

घ) गाउं पालिकाको शिक्षा शाखा हेर्ने प्रमुख सदस्य सचिव

२.२ परीक्षा संचालन तथा समन्वय समितिका मनोनित सदस्यको पदावधी ३ तीन शैक्षिक सत्रको हुनेछ।

२.३ परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२.४ परीक्षा संचालन तथा समन्वय समितिले आवश्यक ठानेका व्यक्ति/पदाधिकारी वा सम्बन्धित विषयको विशेषज्ञलाई परीक्षा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

२.५ आभारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार :

आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गर्ने।

ख) परीक्षा मिति, परीक्षा केन्द्र र केन्द्राध्यक्ष तोक्ने।

ग) संस्थागत विद्यालयका परीक्षार्थीका लागि परीक्षा शुल्क निर्धारण गर्ने।

घ) परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापनका लागि आवश्यक खर्चको व्यवस्थापन तथा निर्धारण गर्ने।

ङ) परीक्षाको गोपनीयता कायम रहने गरी प्रश्नपत्र निर्माण छपाई तथा वितरण गर्ने।

च) विद्यालयहरुलाई आवश्यकता अनुसार परीक्षा केन्द्रमा राखी परीक्षा संचालन गर्ने।

छ) परीक्षा अनुगमन एवं निरिक्षण गर्ने।

ज) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने।

झ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने।

ञ) उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण र पुनर्योग गर्ने गराउने।

ट) कुनै परीक्षा केन्द्रमा अनियमितता भएको ठहर भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने र आवश्यक देखिए त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने।

ठ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा संचालन गर्न नसकिएमा वा परीक्षा फल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने।

ड) आवश्यकता अनुसार परीक्षा उप समिति गठन गर्ने।

ढ) परीक्षामा गाउंको उत्कृष्ट स्थान प्राप्त छात्र/छात्राहरुलाई पुरस्कृत गर्ने।

ण) परीक्षा सम्बन्धी बाधा अडकाउ फुकाउने/टुङ्गो लगाउने निर्णय गर्ने।

२.६ परीक्षा समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार :

आधारभूत तहको परीक्षा संचालन समितिको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) गोपनियता कायम रहने गरी प्रश्नपत्र निर्माणका लागि सम्बन्धित विषय शिक्षकलाई जिम्मेवारी दिने ।
ख) परीक्षाको अभिलेख अद्यावधिक गर्ने गराउने ।
ग) निष्पक्ष,अनुशासित , मर्यादित र भयरहित वातावरणमा परीक्षा संचालन गर्ने ।
घ) आफूलाई प्राप्त अधिकार आवश्यक्तानुसार परीक्षा समितिको कुनै सदस्यलाई सुम्पन सक्ने ।
ङ) परीक्षा संचालन सम्बन्धमा परीक्षा समिति वा सोको अध्यक्षको निर्देशन बमोजिम काम गर्ने ।

२.७ अनुगमन समिति :

आधारभूत तहको अन्तिम परीक्षा व्यवस्थित, मर्यादित र स्तरीय गराउन परीक्षा सञ्चालनको सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहनेछ । उक्त अनुगमन समिति देहाय बमोजिम रहनेछ :-

१. अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति - संयोजक
२. गाउंपालिकाको सामाजिक विकास समिति संयोजक -सदस्य
३. स्थानिय निकायमा रहेको सुरक्षा निकाय प्रमुख वा प्रतिनिधी -सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिव

## परिच्छेद ३

## विविध

३.१ परीक्षा समितिले आवश्यक ठानी समितिको निर्णय वमोजिम भए गरेका अन्य काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।